**ललितपुर महानगरपालिका**

**३ न. वडा कार्यालय**

**पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल**

फोन : ०१-५४२८१८८ / ९८५१२३६९४८

facebook : ललितपुर महानगरपालिका वडा न. ३

Web: lmcityward3.com / Apps: Naagarik ward3 / lmcity ward3


## वडा कार्यालयबाट पाइने सेवा सुविधाहरू

- अनलाइन सिफारिस
- निकास खोल्न जेटिङ्ग, राउडिङ्ग र ग्राउडिङ्ग मेशिन
- ९ सिटर सतल विद्युतीय बस सञ्चालन
- ७५ वर्ष उमेर माथिका वृद्धवृद्धाको लागि *Lab in Bag* द्वारा घर घरमा स्वास्थ्य परीक्षण
- वडाको सिफारिसमा रक्तसंचार सेवा केन्द्र, पुल्चोक, ललितपुरबाट निःशुल्क रगत ।
- ३५ दिनभित्र जन्म दर्ता गरेमा "एक बच्चा एक उपहार" ।
- गर्भवती / सुत्केरीलाई पौष्टिक खाद्यान्न बापत रु. २,५००/- ।
- ३५ दिनभित्र मृत्यु दर्ता गरी नाता पेश गरेमा शोक सन्तप्त परिवार प्रति समवेदना स्वरुप ५,००० सहयोग
- स्वास्थ्य बीमा दर्ताको लागि लाग्ने दस्तुरमा रु. ३,५००/- मा ५०% (रु. १७५०/-) ।
- दीर्घ रोगी (सुगर र प्रेसर) को लागि निःशुल्क औषधि र महिनामा एक पटक सुगर जाँच
- सहुलियत दरमा एक घर एक Fire Extinguisher ।
- वडा समितिलाई विपन्न नागरिक लागेमा मासिक खाद्यान्न राहत ।
- सडक बत्ती मर्मतको लागि फोन नं. ९८०११६२८८० ।
- सहुलियत दरमा कम्पोष्ट बिन ।
- वडामा नि:शुल्क कानुनी परामर्श
- वडाको सिफारिसमा रक्त संचार केन्द्र, पुल्चोकबाट निःशुल्क रगत
- ६८ वर्ष पुरा भएका स्थायी नगरबासीलाई निःशुल्क निमोनिया भ्याक्सिन
- ७५ वर्ष पुगेका वृद्ध वृद्धाको लागि रुघा, खोकीको इन्फ्युएन्जा भ्याक्सिन
- वडा स्वास्थ्य केन्द्रमा वर्षमा एकपटक हेल्थ प्याकेज
- घर घरमा पाठेघरको मुखको क्यान्सर परीक्षण (HPV DNA Test)

- प्लाष्टिक झोला न्यूनीकरणको लागि एक घर एक कपडाको झोला ।
- रु. १०/- मा तरकारी र फलफूलको विषादी परीक्षण ।
- योगा कक्षा ।
- कोलोरेक्टल (आन्द्रा तथा मलाशय) क्यान्सरको स्क्रिनिंग
- पुल्चोकमा स्मार्ट डिजिटल बस स्टाण्ड
- **AI Calling No.** 01-5970075

---

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४

**ऐन विवरण:** संवत् २०७४ सालको ऐन नं. २६ - स्थानीय सरकार संचालनका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन **प्रमाणीकरण मिति:** २०७४/६/२९ **संशोधन गर्ने ऐन:**

| | | |
|---|---|---|
| १. | आर्थिक ऐन, २०७५ | (२०७५/३/३२) |
| २. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ | (२०७५/११/१९) |
| ३. | संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्वन्ध) ऐन, २०७७ | (२०७७/४/१३) |

### १२. वडा समितिको काम, कर्तब्य र अधिकार :

*(उपदफा २ बमोजिम तोकिएका कार्य क्षेत्रहरू)*

*क. योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन:*

(१) सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने ।

(२) टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरुका लागि उपभोक्ता समिति गठन तथा सोको अनुगमन गर्ने ।

(३) वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने ।

*ख. तथ्यांक अद्यावधिक तथा संरक्षण:*

(१) निजी घर तथा घर परिवारको लगत राख्ने ।

(२) ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचिन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने ।

(३) खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा सांस्कृतिक स्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुङ्गेधारा, गुठीघर, बाटो, सडक, पुल, पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क संङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्वचित्र तयार तथा अद्यावधिक गर्ने ।

*ग. विकास कार्यः*

(१) बाल उद्यानको ब्यवस्थापन गर्ने ।

(२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र ब्यवस्थापन गर्ने ।

(३) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लब तथा बालसञ्जालको सञ्चालन र ब्यवस्थापन गर्ने ।

(४) वडा तहको health संस्था तथा सेवाको ब्यवस्थापन गर्ने ।

(५) खोप सेवा कार्यक्रमको सञ्चालन, ब्यवस्थापन तथा समन्वय गर्ने ।

(६) पोषण कार्यक्रमको सञ्चालन, ब्यवस्थापन तथा समन्वय गर्ने ।

(७) वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने ।

(८) शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने ।

(९) सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र ब्यवस्थापन गर्ने, गराउने ।

(१०) वडास्तरीय सामुदायिक धाराको प्रवन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने ।

(११) घरबाट निकास हुने फोहोरमैलाको संकलन र व्यवस्थापन, चोक तथा गल्लीहरुको सरसफाई, ढल निकास, मरेका जनावरको ब्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने ।

(१२) कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने ।

(१३) कृषि बीउ बिजन, मल तथा औषधिको माग संकलन गर्ने ।

(१४) कृषिमा लाग्ने रोगहरुको विवरण संकलन गर्ने ।

(१५) पशुपक्षी विकास तथा छाडा चौपायाको ब्यवस्थापन ।

(१६) वडाभित्रको चरनक्षेत्र संरक्षण तथा ब्यवस्थापन गर्ने ।

(१७) स्थानीय समुदायका चाडपर्व, भाषा, संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने, गराउने ।

(१८) स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने ।

(१९) वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने ।

(२०) अन्तरविद्यालय वा क्लब मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने, गराउने ।

(२१) वडा क्षेत्रभित्रको बाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने ।

(२२) वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने ।

(२३) बाटोघाटोमा बाढी, पहिरो, हुरी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न अवरोध पञ्छाउने ।

(२४) घरेलु उद्योगको लगत संकलन तथा सम्भाब्यता पहिचान गर्ने ।

(२५) वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने ।

(२६) प्रचलित कानून बमोजिम ब्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख संकलन तथा संरक्षण गर्ने ।

(२७) ब्यक्तिगत घटना दर्ता सम्वन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।

(२८) सामाविक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने ।

(२८) वडालाई बालमैत्री बनाउने ।

(३०) वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्वन्धी काम गर्ने ।

(३१) विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने ।

(३२) बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने ।

(३३) प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, ब्यवसाय कर, बहाल कर, विज्ञापन कर, स-शुल्क पार्किङ्ग, नयाँ ब्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र संकलन गरी सम्वन्धित गाउँपालिका वा नगरपालिकामा प्रतिवेदन सहित रकम बुझाउने ।

(३४) अशक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधोपचार गराउने ।

(३५) असहाय वा बेवारिस ब्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने ।

(३६) सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत संकलन गर्ने ।

(३७) वडाभित्रको सामुदायिक वन्, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने ।

(३८) वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र विस्तार गर्ने, गराउने ।

(३९) वडालाई वातावरणमैत्री बनाउने ।

(४०) प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरु गर्ने, गराउने ।

(४१) वडाभित्र घरबास पर्यटन (होम स्टे) कार्यक्रम प्रवर्द्धन गर्ने ।

---

## नियमन र सिफारिस सम्बन्धी कार्यहरू

*घ. नियमन कार्य:*

(१) वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरुका कार्यको अनुगमन तथा नियमन गर्ने ।

(२) सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धीका तालिम दिने ।

(३) खाद्यान्न, माछा, मासु, तरकारी, फलफुल, पेय पदार्थ तथा उपभोग्य सामाग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने ।

(४) वडाभित्रका उद्योग धन्दा र ब्यवसायको प्रवर्द्धन गरी लगत राख्ने ।

(५) हाट बजारको ब्यवस्थापन गर्ने, गराउने । (६) विद्युत चुहावट तथा चोरी नियन्त्रणमा सहयोग गर्ने ।

*ङ: सिफारिस तथा प्रमाणित गर्ने (४२ बुँदे कानुनी अधिकार):*

वडा कार्यालयलाई प्रचलित कानून बमोजिम निम्न सिफारिस वा प्रमाणित गर्ने अधिकार छ:

(१) नाता प्रमाणित गर्ने ।

(२) नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने ।

(३) बहाल करको लेखाजोखा सिफारिस गर्ने ।

(४) बन्द घर तथा कोठा खोल्न रोहवरमा बस्ने ।

(५) मोही लगत कट्टाको सिफारिस गर्ने ।

(६) घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने ।

(७) जन्म मिति प्रमाणित गर्ने ।

(८) ब्यापार ब्यवसाय बन्द भएको, सञ्चालन नभएको वा ब्यापार ब्यवसाय हुँदै नभएको सिफारिस गर्ने ।

(९) विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने ।

(१०) निःशुल्क वा सःशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने ।

(११) वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अंग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने ।

(१२) घर पाताल प्रमाणित गर्ने ।

(१३) ब्यक्तिगत विवरण प्रमाणित गर्ने ।

(१४) जग्गा धनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्न सिफारिस गर्ने ।

(१५) कुनै ब्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक फरक भएको भए सो ब्यक्ति एकै हो भन्ने सिफारिस गर्ने ।

(१६) नाम, थर, जन्म मिति संशोधनको सिफारिस गर्ने ।

(१७) जग्गा धनी दर्ता प्रमाणपुर्जा हराएको सिफारिस गर्ने ।

(१८) कित्ताकाट गर्न सिफारिस गर्ने ।

(१९) संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र ब्यक्तिगत संरक्षक सिफारिस गर्ने ।

(२०) जीवितसंगको नाता प्रमाणित गर्ने ।

(२१) मृतकसंगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने ।

(२२) जीवित रहेको सिफारिस गर्ने ।

(२३) हकवाला वा हकदार प्रमाणित गर्ने ।

(२४) नामसारी गर्न सिफारिस गर्ने ।

(२५) जग्गाको हक सम्वन्धमा सिफारिस गर्ने ।

(२६) उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने ।

(२७) आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने ।

(२८) जग्गा मूल्यांकन सिफारिस गर्ने ।

(२९) विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने ।

(३०) अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने ।

(३१) वैवाहिक अङ्गीकृत नागरिकता सिफारिस गर्ने ।

(३२) आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्वन्धी सिफारिस गर्ने ।

(३३) विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने ।

(३४) धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने ।

(३४क) जातीय पहिचान र जातीय सिफारिसको कार्य गर्ने ।

(३५) ढल जाम भएमा जेट मेशिनको लागि सिफारिस ।

(३६) बिपन्न वर्गको सिफारिस ।

(३७) बृद्ध, बिधवा वा एकल महिला सिफारिस ।

(३८) ढल वा खानेपानी राख्न बाटो खन्न सिफारिस ।

(३९) डिप बोरिङ्गको लागि सिफारिस ।

(४०) विद्यार्थी छात्रबृत्तिको सिफारिस ।

(४१) प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिम अन्य सिफारिस वा प्रमाणित गर्ने ।

---

**नारा:** "सृष्टि सेवा समाधि" — वडाको चाहना "समृद्ध भविष्य र दीर्घायुको कामना" ।

**ललितपुर महानगरपालिका**

**३ न. वडा स्वास्थ्य कार्यान्वयनसमितिद्वारा संचालित**

**वडा स्वास्थ्य केन्द्र**

अफिस फोन: ०१-५९१०७५०, अफिस इमेल: 3wardhealthcenter@gmail.com

### "हाम्रो घर" ठाडोढुङ्गा, धोबिघाटबाट दिने सेवाहरु:

**वडा स्वास्थ्य केन्द्र प्रमुख डा. कृष्ण गोपाल महर्जनको फोन : ९८५११२६५९६**

- डाक्टर सेवा केन्द्र : बिहान ७:३० देखि ८:४५ सम्म
- ल्याब सेवा : बिहान ७:३० देखि ११:०० सम्म

**उपलब्ध सेवाहरु :**

- सामान्य बाह्यरोगी सेवा (General OPD)
- विशेषज्ञ जाचा र परामर्श (Speciality Service & Consultation)
- एक्स-रे सेवा (X-ray)
- भिडियो एक्स-रे सेवा (Ultrasound)
- ईसीजी सेवा (ECG)
- पाठेघरको मुखको क्यान्सर HPV DNA परीक्षण
- प्रयोगशाला सेवा (रगत, पिसाब, दिसा, लगायतका परीक्षण)

- स्वास्थ्य जाच प्याकेज (Health Check-Up)
- दन्त उपचार सेवा (Dental Care)
- आखा जाच तथा उपचार सेवा (Eye/Ophthalmology)
- कोलोरेक्टल (आन्द्रा तथा मलाशय) क्यान्सर
- सानो शल्यक्रिया तथा ड्रेसिग सेवा (Minor Surgical procedures and dressing)
- रु. १० मा तरकारी तथा फलफूलकोविषादी परीक्षण

**नोटहरू:**

- वडा नं. ३ का बासिन्दा बाहेक अन्यलाई पनि समान शुल्क नै हुनेछ ।
- प्रत्येक शनिबार वडा स्वास्थ्य केन्द्र बन्द रहने छ ।

  नारा : 'स्वस्थको लागी स्वास्थ्य परीक्षण गरौं ।'

---

## वडा स्वास्थ्य कार्यान्वयन समिति वडा नं. ३
## ठाडोढुङ्गा, धोविघाट

## सेवाहरू:

- **स्थान:** ठाडोढुङ्गा, धोविघाट ।
- **सञ्चालन समय:** हरेक सोमबार १०:३० देखि ३:३० बजेसम्म ।

१) गर्भवती जाच, खोप र शिक्षा

२) सुत्केरी जाच र पोषण शिक्षा

३) ५ वर्ष मुनिका बच्चाको जाच, खोप, आमालाई पोषण शिक्षा

४) वडाबासीलाई ब्लडप्रेसर र तौल जाच

५) परिवार नियोजनका अस्थायी साधन (डिपो, पिल्स र कन्दम) वितरण

**नारा:** "सृष्टि सेवा समाधि" - याद गर्नुहोस्, नियमित खोपको कुनैपनि खोप र मात्रा नछुटोस् है !

लक्ष्य: पूर्ण खोप लगाऔं, बालबालिकालाई रोगहरुबाट सुरक्षित बनाऔं।

## बालबालिकाको नियमित खोप तालिका

- **जन्मने बित्तिकै:** बिसिजी (BCG)

- **६ हप्ता, १० हप्ता, १४ हप्ता:** रोटा, पोलियो, एफआइपिटिभी, डिपिटि-हेपबि-हिब, पिसीभी
- **९ महिना:** दादुरा-रुबेला, एफआइपिटिभी
- **१२ महिना:** जापानीज इन्सेफ्लाइटिस
- **१५ महिना:** दादुरा-रुबेला

  **सम्पर्क** : मिलन महर्जन - ९८४१७२७५०७

---

## नागरिकता प्रमाणपत्र बनाउन आवश्यक पर्ने कागजातहरु

### *क) नयाँ नागरिकताको हकमा:*

- अनुसूची १ को Online सिफारिस
- बाबु र आमाको नागरिकता
- जन्मदर्ता प्रमाणपत्र
- शैक्षिक प्रमाणपत्र भए सोको छायाँकपी

**बाबुको नागरिकता नभएको अवस्थामा:** * बाबुको मृत्यु दर्ता * हजुरबुबा, काकाको नागरिकता र नाता प्रमाणित * जग्गाधनी प्रमाणपत्र * स्थायी बसोबास रहेको फोटो सहितको किटानी सिफारिस * दाजुभाईको नागरिकता भए सो को छायाँकपी

### *ख) प्रतिलिपि नागरिकताको हकमा:*

- **सक्कल नागरिकता प्रमाणपत्र भए रेकर्ड भएको हकमा:** वडा कार्यालयबाट अनुसूची फारम २ सिफारिस, सक्कल नागरिकता वा फोटोकपी ।
- **कार्यालय अभिलेख र सक्कल नागरिकतामा विवरण फरक परेमा:** नयाँ प्रक्रिया अनुसार अनुसूची फारम २ सहितको कागजात माग गर्ने ।
- **सक्कल नागरिकता भए रेकर्ड नभएको हकमा:** अनुसूची २ सिफारिस, सक्कल नागरिकता, मतदाता परिचयपत्र, जग्गाधनी प्रमाणपत्र, तीनपुस्ता भित्रको नागरिकता र सनाखत ।
- **सक्कल नागरिकता केरमेट/अस्पष्ट भएमा वा नभएमा:** अनुसूची २ सिफारिस, मतदाता परिचयपत्र, जग्गाधनी प्रमाणपत्र, तीन पुस्ता भित्रको नाता प्रमाणित (नाम्बर र जन्ममिति सहित), स्थायी बसोबास किटानी सिफारिस, मालपोतबाट लिखत प्रमाणित र प्रहरी सर्जमिन ।

- **बसाइँसराइ गराई आएको अवस्थामा:** निवेदन, बसाइँसराइ आएको जिल्लाबाट प्रमाणित CCIMS, एकासगोल परिवारको नागरिकता र सनाखत, जग्गाधनी प्रमाणपत्र र मतदाता परिचयपत्र ।

---

## नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ बमोजिमका विशेष व्यवस्थाहरू

- **पितृत्व र मातृत्वको ठेगान नभएको व्यक्ति:** नागरिकता जारी गर्दा बाबु र आमाको नाम उल्लेख गर्ने स्थान खाली राखिनेछ । संरक्षक भएमा संरक्षकको नाम, थर र ठेगाना खुलाइनेछ ।
- **विदेशी नागरिकता नलिएको स्वघोषणा:** बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता नलिएको भनी निज र आमाले अनुसूची-७क. बमोजिम स्वघोषणा गर्नुपर्नेछ । आमाको मृत्यु भएकोमा मृत्यु दर्ता वा स्वीकृत चिकित्सकको सिफारिस आवश्यक पर्नेछ ।
- **जन्मको आधारमा नागरिकता भएकाको सन्तान (१६ वर्ष पूरा भई अङ्गीकृत लिन चाहेमा) आवश्यक कागजात:**

  (क) जन्म दर्ता प्रमाणपत्र

  (ख) बाबु वा आमामध्ये कुनै एकको जन्मको आधारमा प्राप्त नेपाली नागरिकता

  (ग) मृत्यु भएको भए मृत्यु दर्ता प्रमाणपत्र

  (घ) जन्मस्थान, नाता र स्थायी बसोबास खुल्ने स्थानीय तहको सिफारिस

  (ङ) सम्पर्कविहीन भएको भए सोको स्थानीय तहको सिफारिस

  (च) प्रमुख जिल्ला अधिकारीसमक्ष गरेको स्वघोषणा
- **नेपाली आमाबाट विदेशमा जन्म भई बाबुको पहिचान नभएको व्यक्ति (अङ्गीकृतका लागि):** जन्म दर्ता, आमाको नागरिकता, जन्म भएको मुलुक र स्थान खुल्ने कागज, बाबुको पहिचान नभएको स्थानीय तहको सिफारिस, र विदेशी नागरिकता नलिएको स्वघोषणा ।

---

## नागरिकता फाराम कहाँ पाइन्छ ?

- पहिलो लिने अनुसूची १ अनलाइन फाराम वडा कार्यालयमा नै भरेर दिने गर्छ ।
- प्रतिलिपि फाराम, गैर आवासीय नागरिकता फाराम, र अंगिकृत फाराम, जिल्ला प्रशासन कार्यालयको गेटमा पाइन्छ ।

---

## व्यक्तिगत घटना दर्ता सम्बन्धी सूचना

**"जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा ठेगानामा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं/गराऔं ।"**

- जन्म घटना दर्ता: जन्म दर्ता अनलाइन भरेर ल्याएको टोकन वडा कार्यालयको सचिव समक्ष पेश गर्नु पर्दछ ।

  आवश्यक कागजातहरु :

  १) बच्चाको बुबाको नागरिकता प्रतिलिपि,

  २) आमाको नागरिकता प्रतिलिपि,

  ३) बुबा आमाको विवाह दर्ता प्रतिलिपि,

  ४) अस्पतालमा जन्म भएको जन्म दर्ता कागजको प्रतिलिपि,

  ५) दर्ता बच्चाको पासपोर्ट साइजको फोटो,

  ६) सम्पत्ति कर बुझाएको प्रतिलिपि ।

  बिदेशमा बच्चा जन्मेको भए विदेशमा रहेको नेपाली एम्बेशीमा जन्म दर्ता कागजमा प्रमाणित गरेको हुनु पर्नेछ ।

- मृत्यु घटना दर्ता: मृत्यु दर्ता अनलाइन भरेर ल्याएको टोकन वडा कार्यालयको सचिव समक्ष पेश गर्नु पर्दछ ।

  आवश्यक कागजातहरु :

  १) सूचकको नागरिकता प्रतिलिपि,

  २) मृतकको नागरिकता प्रतिलिपि,

  ३) सम्पत्ति कर बुझाएको प्रतिलिपि ।

- विवाह घटना दर्ता: विवाह दर्ता अनलाइन भरेर ल्याएको टोकन वडा कार्यालयको सचिव समक्ष पेश गर्नु पर्दछ ।

  आवश्यक कागजातहरु :

  १) पति पत्नि दुबै सूचकको नागरिकता प्रतिलिपि,

  २) स्वयम्बरको फोटो वा निमन्त्रणा कार्ड

  ३) पासपोर्ट साईजको दुबैको फोटो,

४) सम्पत्ति कर बुझाएको प्रतिलिपि

- बसाइँसराइ घटना दर्ताः बसाइँसराइ दर्ता अनलाइन भरेर ल्याएको टोकन वडा कार्यालयको सचिव समक्ष पेश गर्नु पर्दछ ।

  आवश्यक कागजातहरु :

  १) सूचकको नागरिकता,

  २) बसाइँसराइ भै आउनेहरु सबैको नागरिकताको प्रतिलिपि, नाबालकको हकमा जन्म दर्ता,

  ३) बसाइँसराइ भइ आएको सक्कल कागज,

  ४) सम्पत्ति कर बुझाएको प्रतिलिपि ।

- सम्वन्ध बिच्छेद घटना दर्ताः सम्वन्ध बिच्छेद घटना दर्ता अनलाइन भरेर ल्याएको टोकन वडा कार्यालयको सचिव समक्ष पेश गर्नु पर्दछ ।

  आवश्यक कागजातहरु :

  १) सूचकको नागरिकता,

  २) दबैको नागरिकताको प्रतिलिपि,

  ३) सम्वन्ध विच्छेदको अदालतको फैसला र सक्कल,

  ४) केटाले आफ्नै ठेगानाबाट, केटीले नागरिकतामा लेखेको स्थायी ठेगाना वा केटाको ठेगानाबाट दर्ता गर्न सकिनेछ ।

---

**जन्म दर्ता किन गर्ने ?**

* बालबालिकालाई स्कुल भर्ना गर्न

* नागरिकता र पासपोर्ट बनाउन

* सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न

* राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गर्न

*नोटः* व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा विवरण त्रुटि भएमा **एक पटक सच्याउन सकिने** कानुनी व्यवस्था छ ।

---

## मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रक्रिया

- **दर्ता स्थल:** जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोगले तोकेको स्थानमा नेपाली नागरिकताको प्रमाणपत्र लिई जानुपर्ने ।
- **फरक ठेगाना भएमा:** बसाइँसराइ प्रमाणपत्र वा विवाह दर्ता प्रमाणपत्र पेश गर्नुपर्ने । थप प्रमाणका रूपमा जग्गा धनी पुर्जा, शैक्षिक योग्यता, राहदानी वा वडाको सिफारिस माग गर्न सकिनेछ ।
- **प्रक्रिया:** मतदाता नामावली सङ्कलन फाराम भर्ने, निःशुल्क फोटो खिचाउने, र विद्युतीय माध्यमबाट औंलाको छाप दिने । दर्ता पछि प्राप्त अर्धकट्टी सुरक्षित राख्नुपर्छ ।
- **अनलाइन प्रि-रजिष्ट्रेशन वेबसाइट:** *applyvr.election.gov.np/Login/Preregistration/EnterMobialNon*

---

## राष्ट्रिय परिचयपत्र र व्यवसाय सञ्चालन सूचना

*राष्ट्रिय परिचयपत्र प्राप्त गर्ने प्रक्रिया:*

ललितपुर महानगरपालिकाको कार्यालय, पुल्चोकमा आफै उपस्थित भई फोटो खिचाउनुपर्छ ।

**आवश्यक कागजात:**

- नागरिकताको सक्कल,
- बसाइँसराइ प्रमाणपत्र (भएमा),
- विवाह दर्ता (विवाहितको हकमा) र
- कर्मचारी भए कार्यालयको सिफारिस/पेन्सनपट्टा ।

---

### *व्यवसाय सञ्चालन सम्बन्धी जरुरी सूचना:*

"घर हुँदैमा स्थायी बासिन्दा हुँदैन, त्यसैले बसाइँसराइ ल्याउने गरौं ।"

घर/जग्गा बहालमा लिँदा वा दिँदा **बहाल सम्झौता** गरी मात्र वडामा व्यवसाय दर्ता गर्नुहोला । अन्यथा, दर्ता वा नवीकरण नगरेमा कानुन बमोजिम जरिवाना गरी व्यवसाय बन्द गरिनेछ ।

---

## विषरहित तरकारी बिक्री स्थल सूचना

- **स्थान:** लामोचौर, धोविघाटमा रहेको "विषादी रहित तरकारी बिक्री स्थल"
- **जाँच सेवा:** तरकारी वा फलफूल जाँच गर्नु परेमा एक नमूनाको **रु. १०/-** लाग्नेछ ।
- **समय:** बिहान ७ देखि ९ बजेसम्म ।
- **परीक्षण स्थान:** "हाम्रो घर" ठाडोढुङ्गा, धोविघाट ।

---

## सामाजिक सुरक्षा भत्ता कार्ड कसरि पाउने :

- सम्बन्धित वडाको नागरिकतामा उमेर ७० वर्ष पुरा भएको हुनुपर्ने,
- वडामा निवेदन दिने ।

## सामाजिक सुरक्षा भत्ता नवीकरण कसरी गर्ने :

- सामाजिक सुरक्षा भत्ता कार्ड लिएर आउने,
- राष्ट्रिय परिचयपत्र लिएर आउने,
- नागरिकता प्रमाणपत्र,
- औंठा छाप लिन व्यक्ति स्वयम् उपस्तिथी हुनुपर्ने ।

---

## **जेष्ठ नागरिक कार्ड कसरि पाउने :**

- आफ्नो नागरिकतामा ६० वर्ष उमेर पुरा भएको हुनुपर्ने,
- नागरिकताको स्थायी ठेगानामा निबेदन दिनु पर्छ,
- एउटा अटो साइजको फोटो एउटा पासपोर्ट साइजको फोटो चाहिन्छ

---

## **नाबालक परिचयपत्र कसरि लिने ?**

- बच्चाको बुबाको नागरिकताको प्रतिलिपि,
- बच्चाको आमाको नागरिकताको प्रतिलिपि,
- बिबाह दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- फोटो २ प्रति
- सम्पत्ति कर बुझाएको मूल्यांकन प्रमाणपत्रको प्रतिलिपि,

---

## वडा स्वास्थ्य कार्ड क-कसले कसरि पाउछ ?

- वडामा घर भएको,
- घरको घर नम्बर हुनुपर्ने,
- सबै परिवारको नागरिकताको प्रतिलिपि,
- सम्पत्ति कर बुझाएको मूल्यांकन प्रमाणपत्रको प्रतिलिपि,

---

## स्वास्थ्य बिमा कसरि गर्ने ?

ललितपुर महानगरपालिका ३ न. वडा भित्र बसोबास गर्ने सबैले ५ जना परिवारसम्म रु. ३,५०० (पैतीस सय) मात्रमा १ लाखसम्मको बिमा गर्न पाइन्छ, सोभन्दा थप परिवार भएमा प्रति व्यक्ति थप रु. ७०० (सातसय) पर्दछ:

**आवश्यक कागजातहरु :**

- ७० वर्ष पुरा भइ सामाजिक सुरक्षा भत्ता लिनु हुनेको हकमा सामाजिक सुरक्षा भत्ता कार्ड, नागरिकता प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, घर नम्बर र एक जना निशुल्क ।
- 'क' वर्ग (रातो) कार्ड हुने अपाङ्गता भएकाको परिवारको लागि कार्ड, नागरिकता प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, घर नम्बर अनि निशुल्क ।
- अरुको हकमा:

  (क) प्रत्येकको नागरिकता,

  (ख) बच्चाको जन्म दर्ता प्रमाणपत्र,

  (ग) राष्ट्रिय परिचयपत्र,

  (घ) घर नम्बर ।

---

## बिमा नवीकरण कसरि गर्ने ?

- ७० वर्ष पुरा भइ सामाजिक सुरक्षा भत्ता लिनु हुनेको हकमा पूर्ण छुट र अटो नवीकरण हुन्छ ।
- 'क' वर्गको अपाङ्गता भयका परिवारको पनि पूर्ण छुट र अटो नवीकरण हुन्छ ।
- अरुको हकमा:

  १ बिमा परिचयपत्र,

  २ घरमुलीको नागरिकता,

  ३ बच्चाको जन्म दर्ता प्रमाणपत्र,

  ४ ५ जना परिवारसम्म रु. ३,५०० (पैतीस सय) मात्र ।

---